गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : ५ आषाढ १० गते, २०७८ साल, संख्या : २

## भाग - २

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गढवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधी २०७८

### प्रस्तावना

गढवा गाउँपालिका बाट प्रदान गनि आर्थिक सहायतालाई छिटो, छरितो,मितब्ययी एवम् प्रभावकारी रूपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरूलाई अनुशासित, जवाफदेही बनाई अपेक्षित परिमाण हासिल गर्न तथा गढवा गाउँपालिकाको कोषको सही सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा संरक्षण प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रत्याभुत गर्न वाञ्छनिय भएकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा ७ ले दिएको अधिकार प्रयोग गरी गढवा गाउँपालिकाको यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम गढवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७८ रहने छ ।
(२) यो कार्यविधि  कार्यपालिकाले स्विकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**(२) परिभाषा** : बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।
(ख) "गाउँ पालिका" भन्नाले गढवा गाउँपालिकालाई सम्झनु पर्दछ ।
(ग) "अध्यक्ष" भन्नले यस गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।
(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
(ङ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।
(च) "आर्थिक सहायता" भन्नाले कुनै पनि किसिमको दैविय वा मानविय कारण बाट जीउ ज्यान धनजन र अन्य सम्पति क्षति भएको व्यक्तिलाई गाउँपालिका बाट प्रदान गरिने आर्थिक सहायता भन्ने बुझाउँछ ।

# परिच्छेद-२
# आर्थिक सहायता सम्वन्धि मापदण्ड

**३. मापदण्ड** : गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

**(१)दुर्घटना** : गाउँपालिकाको क्षेत्रमा कुनै ठुलो दुर्घटना भई गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको तथा तत्काल उद्धार एवम् उपचार गराउन पर्ने अवस्थामा रू.१ हजार देखि १० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

**(२) दिर्घरोग तथा अन्य उपचार** : यस गाउँपालिकामा बसोबास गर्ने मध्य दीर्घ रोगी ( मृगौला, मुटु, फोक्सो, कलेजो ,मस्तिष्क, क्यान्सर ,दम, एच आइ भि एडस लगायतका गम्भीर प्रकृतिका बिरामी)लागेको अवस्था भएको तथा गरिवी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत त्नभएकाले उपचार गराउन नसकी समस्यामा परेका व्यक्तिहरूलाई अवस्था हेरी गाउँपालिकाको स्वास्थ्य शाखाको सिफारिस बमोजिम बढीमा एक पटक रू.५ हजार देखि १५ हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

**(३) गरिब असहाय** : यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको आर्थि अवस्था कमजोर भई सामाजिक जिवनयापन सहज बनाउन सहायता आपश्यम भएको,आर्थिक अभावले शिक्षामा बाधा परेको ,एकघरको परिवार,सहोदर नाता लाग्ने वइक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिसे अवस्थामा रहेको रूर अन्यको आश्रय लिनुपरेको जेष्ठ नागरकि भत्ता नपाउने

गरेको त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रू.१ हजार देखि रू.१० हजार सम्म सहायता दिन सकिनेछ ।

**(४) प्राकृतिक विपति तथा विपदमा परेका घरबार विहिन व्यक्तिहरू** : यस गाउँपालिका क्षेत्रमा प्राकृतिक विपति तथा विपद्मा परि धनजनको क्षति भई सामापिजक जीवनयापनमा प्रतिकुल असर परेकोमा अवस्था हेरि एक पटकमा रू.५ हजार देखि रू. १५ हजार सम्म दिन सकिनेछ ।

**(४) संघ संगठन** : यस गाउँपालिकामा स्थापना भएका, दर्ता भएका सुचीकृत भएका र गाउँपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरूमा गाउँपालिकाबाट देहाय कमोजिम आर्थिक सहायता प्रदान नगरि सहकार्य गरिनछ । उक्त कार्यक्रमले गाउँपालिकाको पर्यटन,प्रवर्द्धन गाउँपालिकाको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनुपर्दछ ।

(क)वडा, गाउँपालिका स्तरका कार्यक्रममा प्रकृति हेरी एक पटकमा रू.१ हजार देखि १० हजार सम्म ।

(ख) जिल्ला स्तर वा सो भन्दा माथिका कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रू.५ हजार देखि १५ हजार सम्म ।

## परिच्छेद-३
## आर्थिक सहायता भुक्तानी प्रक्रिया

**४.भुक्तानी प्रक्रिया** : आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**(१) मानविय सहायता** : दफा ३ को उप दफा (१) (२) (३) र (४) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखि गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी

ख) वडा कार्यालयको सिफारिस

ग)उपचारको हकमा अस्पतालले चेक जाज्च गरेको कागजात सहित गाउँपालिकाको स्वास्थ्य शाखाको सिफारिस

घ) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का

(२)संघ संगठनको हकमा आधिकारीक पत्र ।

(३) उप दफा (१) र (२) बमोजिमका कागजात अध्ययन गरि दफा ३ को मापदण्ड अनुसार गाउँपालिका अध्यक्षको तोकआदेशमा गाउँपालि बाट आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

(४) दफ ३ बमोजिमको मापदण्ड अनुसार सहायता रकम न्यून हुने र सो भन्दा बढी सहायता उपलब्ध गराउन उपयुक्त हुने मनासिव कारण भएमा निजको निवेदन र प्रमाण समेत गाउँपालिकाको बैठकमा पेश गरि निर्णय भए अनुसार आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

(५) सहायता रकम चेक मार्फत उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-४
## विविध

**५.आर्थिक सहयोगको सिमा र समावधि** ः (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि बिशेष परिस्थिति बाहेक आर्थिक सहायता उपलब्ध गराउँदा रू.२० हजार भन्दा बढी रकम उपलब्ध गराईने छैन ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएतापनि एक पटक आर्थि सहायता पाएको ब्यक्तिलाई १ बर्ष भित्र सोही बिषयमा पुनः आर्थिक सहायता दिइनेछैन ।

**६.बाधा अडचन फुकाउ आदेश ः**

(१) यस कार्यविधिमा कुनै समस्या आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**७.बचाउ ः**

(१) यस कार्यविधि जारी गर्नु पहिले गाउन्सालिकाबाट भएको आर्थिक सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**८. कार्यविधि थपघट,परिमार्जन, संशोधन एवम् खारेजी** ः

(१) यस कार्यविधिमा कुनै बिषय थपघट, परिमार्जन, संशोधन एवम् खारेजी गर्ने सर्म्पुण अधिकार गाउँकार्यपालिकामा निहित हुनेछ ।

(२) अन्य कुनै कानुन सँग यस कार्यविधि बाझिएको हदसम्म अमान्य तथा कार्यान्वयनमा ल्याईने छैन ।

आज्ञाले
लाल बहादुर योगी
प्रमुख प्रशासकीय अधिकृत